राष्ट्र र जनताप्रति प्रतिवद्ध

www.thepublictoday.com

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष ८ | अंक २०२ | २०७७ चैत्र २२ गते आईतवार | (4 Apr., 2021) | पृष्ठ ४ | मुल्य रु. ३

**समाज जोगाउन सामाजिक दूरी कायम गरौं । साबुन, पानीले मिची मिची हात धोऔं ।**

द पब्लिक टुडे
द्वारा जनहितमा जारी सूचना

## संघिय सरकार राजा हो र ? - वन मन्त्री यादव

द पब्लिक टुडे समाचारदाता
बर्दिबास, चैत्र २१ गते ।

प्रदेश २ सरकारको मातहतमा रहेको राष्ट्रिय वन क्षेत्र व्यवस्थापनामा संघीय सरकारले हस्तक्षेप गरेको प्रदेश २ का वन मन्त्री राम नरेश रायले बताएका छन् ।

महोत्तरीको बर्दिवासमा नेपाल वन पैदावार उद्योग व्यवसायी संघ महोत्तरीको दोस्रो जिल्ला अधिवेशन तथा साधारण सभालाई सम्बोधन गर्दै मन्त्री रायले सो कुरा बताएका हुन् ।

'राष्ट्रिय वन क्षेत्र प्रदेश सरकारको मातहतमा पर्छ । तर, संघीय सरकारले संविधानले दिएको अधिकार पनि खोसिरहेको छ,' मन्त्री रायले भने, 'संघिय सरकार राजा हो र ? संविधान भन्दा माथि हो ? संविधान भन्दामाथि हो भने हामी हातमा हात राखेर बस्दैंनौं ।'

प्रदेश सरकारले वन व्यवस्थान गर्न वन ऐन बनाएको बताउँदैं उनले भने, 'हामी आफ्नो मातहतको वन क्षेत्र आफ्नै ऐन अनुसार व्यवस्थान गर्छौं ।'

नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघका केन्द्रीय सदस्य उमेश दाहालले प्रशासन र वन कार्यालले आफुहरुलाई तस्कार मात्रै देख्ने गरको टिप्पणी गरे ।

'विदेशी काठ देशमा भित्र्याएको भित्र्याएकै छ । नेपालको पैसा बाहिरिएको,' उनले भने, 'तर, नेपालको काठ वनको डढेलोले नष्ट भइरहेको छ । अर्बौंको काठ बाहिरबाट आउँछ । तर, नेपालको खर्बौंको काठ जलेर, कुहेरै गइरहेको छ । राज्यको यस तर्फ ध्यान छैन ।' हामीलाई राजस्व मात्रै लिने निकायको रुपमा सरकारले लिएको उनले जिकिर गरे ।

नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघका केन्द्रीय महासचिव माधवमनी हुमागाईंले सरकारको वन नीति तथा कार्यक्रम मान्न तयार छौं । तर, उद्योगमैत्री कानुन सरकारले बनाउनु पर्ने बताए ।



सरकारले बुझाएको रकम बराबरको काठ सरकारले तुरुन्त हस्तान्तरण गर्नु पर्नेमा उनले माग गरे । 'गत वर्षदेखी काठको संकलन तथा विक्री वितरण बन्द छ । हामी यसको विपक्षमा छौं,' उनले भने, 'जसले गलती गर्छ उसलाई कारवाही गर्नु पर्छ । देशभरीका काठ उद्योगलाई ठप्प गर्न मिल्दैंन ।'

वैज्ञानिक वन व्यवस्थान कार्यविधि खारिज भयो तर, नयाँ वन व्यवस्थान कार्यविधि खोई ? भन्दै उनले सरकारसंग प्रश्न गरे । 'जंगलको प्राविधिक किसिमले व्यवस्थान हुनु

- बाँकी पृष्ठ २ मा

## ऐन कानुन नै समृद्धिको बाधक : मुख्यमन्त्री

वीरगञ्ज, चैत्र २१ गते ।

प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतले मुलुकमा समृद्धि र विकास नहुनुको पछाडि ऐन कानुनहरु नै बाधक रहेको बताएका छन् । वीरगञ्ज उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुको शपथग्रहण समारोहलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

'संविधानमा भएको व्यवस्थालाई ऐन ल्याएर नियन्त्रण गरिन्छ,' उनले भने, 'ऐन कानुन र नीति मार्फत काम गर्न असहजता थप्ने गरिन्छ । उद्योगधन्दा सञ्चालन गर्न खोज्दा यो भएन, त्यो भएन भनिन्छ, पैसा दिएपछि सबै मिल्छ ।'

संविधानमा भएका कुन-कुन व्यवस्थामा ऐन कानुन ल्याएर नियन्त्रण गरिएको हो त्यो भने उनले खुलाएनन् । प्रदेशको अधिकार कुण्ठित गर्न संघ सरकार लागिपर्दा अन्य प्रदेश सरकार निरीह बनेको देख्दा आफूलाई अचम्म लाग्ने गरेको उनले सुनाए ।

लगानीमैत्री कानुन नभएसम्म मुलुकको विकास नहुने बताउँदै उनले उद्योगी व्यवसायीलाई सरकारले सधैं लुटेरा र डाँकाको रुपमा हेर्ने गरेको बताए । 'उद्योगी व्यवसायीलाई सरकारले लुटेरा, डाँका हुन् भनेर ठान्ने गरेको छ, कसरी निरुत्साहित गर्ने भन्ने मानसिकता शासकले बोकेको छ, सुरक्षा निकाय पनि कुन बेला अवसर पाइन्छ र न्याकौंला भनेर बसेका छन्,' उनले भने ।

उद्योगी व्यवसायीलाई अप्ठेरोमा पारेर मुलुकको समृद्धि कल्पना गर्न नसकिने उनको भनाई छ । उनले केन्द्रिकृत चिन्तन हावी भएका कारण प्रदेश सरकारले केही गर्न खोज्दा संघ सरकारले रोक्ने गरेको बताए । 'प्रदेश सरकार केहि गर्न खोज्छ, तर मानसिकता र चिन्तन पुरानै छ । परिवर्तन हुन्छ, नयाँ युगको सुरुवात हुन्छ भनिन्छ । व्यवहार ठिक विपरीत छ,' उनले भने, 'प्रदेश २ को त बजेटसमेत कटौती गरिन्छ ।'

उनले प्रदेश सरकारले औद्योगिक ऐन ल्याइसकेको बताउँदै छिट्टै उद्योग विभाग गठन गरेर उद्योगको दर्ता र नवीकरण प्रदेशबाटै गर्ने व्यवस्था मिलाउने बताए । 'ऐनमै २० वर्षसम्म कर नलिने व्यवस्था ल्याउँदैछौं, जग्गा लिजमा दिने

- बाँकी पृष्ठ ४ मा



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

"होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि"
"सेवा र त्याग गरे, अधिकार ठूलो मिल्दछ अनि"
- सन्त "व्यथित"

## सम्पादकीय...............

### सरकारी निर्णयले किसान उत्साहित

रासायनिक मलको आपूर्ति बेलैमा नहुने अवस्थाले वर्षेनि चिन्तित हुनुपर्ने किसानको चिन्तालाई सम्बोधन गर्न सरकारले प्रयत्न थालेको छ । रासायनिक मल आपूर्तिको अनुकूलता-प्रतिकूलताले खाद्यान्न उत्पादनमा घटीबढी हुनेगर्दा बेलैमा मलको आपूर्ति हुनुपर्ने किसानको माग सम्बोधन गर्नप्रति सरकार प्रभावकारी बन्न नसकेको तथ्य सर्वविदितै छ । अहिले खेती गर्ने बेला मलको आपूर्ति गरेर खाद्यान्न उत्पादन बढाउन सरकारले देशभित्रै रासायनिक मल कारखाना स्थापना गर्ने निर्णय गरेको छ । कृषिप्रधान देशका लागि सरकारले गरेको यो निर्णय निकै महत्वपूर्ण छ । राजनीतिक घटनाक्रमले अस्थिर बनेको अवस्थामा पनि वर्तमान् सरकारले रासायनिक मल कारखाना निर्माण गर्ने गरेको निर्णय देशहितमा त छ नै यसले सरकार समृद्ध नेपाल, सुखी नेपालीको मार्गमा अग्रसर भएको छनक पनि दिएको छ । किसानको समस्या सम्बोधन गर्न सरकारले थालेको यो प्रयत्न सामयिक र स्वागतयोग्य छ ।

कृषि तथा पशुपन्छी विकासमन्त्री पद्माकुमारी अर्यालको सक्रियतामा रासायनिक मल कारखाना स्थापना र सञ्चालनसम्बन्धी अध्ययन प्रतिवेदन-२०७७ का आधारमा तयार गरी प्रस्तुत प्रस्ताव मन्त्रीपरिषद्बाट स्वीकृत भएको हो । स्वीकृत प्रस्तावअनुसार सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडालिटीमा नेपालमा रासायनिक मल कारखाना स्थापना हुनेछ । यो कार्यलाई बढी व्यवस्थित बनाउन आवश्यक पर्ने कार्यविधि तयार गरी लागू गर्ने जिम्मा लगानी बोर्डलाई दिइएको छ । मल कारखाना निर्माण गर्ने निर्णय गरेसंगै सरकारले खेतीको समयमा मलको अभावले वर्षेनि चिन्ता गर्नुपर्ने किसानको समस्यालाई सम्बोधन गर्न बेलैमा मलको आपूर्ति गर्न व्यवस्था मिलाएको मन्त्री अर्यालले जानकारी गराउनुभएको छ । दीर्घकालीन समाधानका लागि देशभित्रै मल कारखानाको स्थापना गर्ने र मल अभावले सिर्जित वर्षेनिको चिन्ता मेट्न खेतीको समयमै मल आपूर्तिको व्यवस्था मिलाउन गरिएको सरकारी निर्णयले कृषिक्षेत्रसंग सम्बन्धित सबैलाई उत्साहित बनाएको छ । सरकार आफूले गरेको निर्णयको प्रभावकारी कार्यान्वयन गर्न प्रभावकारी बन्नेछ, हाम्रो शुभेच्छा ।

## राशिफल

मेष - मिष्ठान भोजनको योग छ ।
वृष - सोचेको काम बन्ने ।
मिथुन - सन्तान सुख प्राप्त हुने ।
कर्कट - विहान पखको हावा फलदायी ।
सिंह - विदेश जाने अवसर छ ।
कन्या - पारिवारिक समस्याबाट मुक्त ।
तुला - साथीसंग मनमुटाब हुने ।
बृश्चिक - रमाईलामा दिन बित्ने ।
धनु - सत्रु परास्त हुने ।
मकर - परिश्रम बढी गर्नु पर्ने ।
कुम्भ - मनोरञ्जन तिर मन जाने ।
मिन - धार्मिक काममा रुचि जाग्ने ।

# फेरि संसद विघटन गर्ने प्रधानमन्त्री ओलीको संकेत

काठमाण्डौं, चैत्र २१ गते ।
साविक नेकपाभित्र अन्तरविरोध बढेसँगै सरकार ढल्ने खतरा देखिएपछि गत पुस ५ गते प्रतिनिधिसभा विघटन गरेका प्रधानमन्त्री ओलीले संसदीय अंकगणित आफ्नो पक्षमा नभए फेरि संसद विघटन गरेर मध्यावधि चुनावमा जाने संकेत गरेका छन् ।



नेकपा माओवादी केन्द्रले सरकारलाई दिइरहेको समर्थन फिर्ता लियो भने राजीनामा दिने बताएका ओलीले फेरि पुस ५ को स्थिति आउन सक्ने स्पष्ट पारेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार सडक उदघाटन कार्यक्रमलाई सम्वोधन गरेका प्रधानमन्त्री ओलीले फेरि ताजा जनादेशका लागि जानुपर्ने परिस्थिति आउन सक्ने स्पष्ट भाषामा बताए ।
'संसद यस्तै हो । संसद कहिले देशको आवश्यकता र संसदको गणित फरक पर्छ । कहिले कृत्रिम ढंगले केही मान्छेहरुले संसदीय अंकगणितलाई यताबाट उता, उताबाट यता सार्दिन्छन्, मिलाइदिन्छन्' प्रधानमन्त्री ओलीले भने, 'मेरो विचारमा फेरि पनि ढिलोचाँडो जनादेशबाट अहिलेको अंकगणितमा हेरफेर नगरी र अनुकुल अंकगणितविना देश अगाडि 'स्मुथ्ली' जानै सक्दैन । त्यसकारण फेरि पनि हामीले ताजा जनादेशमा जानुपर्ने हुन्छ ।'
संसदको अंकगणितलाई 'म्यानेज गर्न' वा आफ्नो पक्षमा पार्न सकिएन भने त्यो अवस्थामा चुनावमा जानुपर्ने ओलीको तर्क छ । प्रधानमन्त्री ओलीले अगाडि भने, 'त्यसलाई (संसदलाई) भरसक म्यानेज गर्न खोज्नुपर्छ । यदि त्यो व्यवस्थापन भएन र विभिन्न व्यक्तिहरुका स्वार्थहरुको खेलबाट अंकगणित आवश्यकता विपरीत गयो भने ताजा जनादेश भनेको त्यही हो । त्यसमा जानुपर्छ अब । त्यस्तोबेलामा ताजा जनादेशमा जानुपर्छ ।'
दुईवटा अवस्थामा चुनावमा जानुपर्ने प्रधानमन्त्री ओलीको विश्लेषण छ । प्रधानमन्त्री ओली भन्छन्, 'कतिबेर चुनाव हुनुपर्छ भन्दा एउटा त आवधिक निर्वाचन । लोकतन्त्रमा आवधिक निर्वाचन हुन्छ । अर्को, यदि गणितले आवश्यकतालाई प्रतिनिधित्व गर्दैन भने देशको आवश्यकता, जनताको आवश्यकता, विकासको आवश्यकता मौजुदा अंकगणित भन्दा माथिको कुरा हो ।'
विगतमा अंकगणितले साथ नदिएको हुनाले संसद विघटन गर्नुपरेको तर्क गर्दै प्रधानमन्त्री ओलीले भने, 'देशको आवश्यकता, विकासको आवश्यकता, विकासको आकांक्षा अंकगणितका लागि छोड्ने कि देश र जनताको आवश्यकताका लागि अंकगणित परिवर्तन गर्ने ? यो त जनताले फैसला गर्ने कुरा हो, त्यसकारण जनतामा त्यस्तो अवस्थामा जानुपर्छ । हामीले गरेको (संसद) विघटन त्यही अर्थमा हो ।'
संसदीय अंकगणितले कहिलेकाहिँ राष्ट्रिय आवश्यकताको प्रतिनिधित्व गर्न नसक्ने ओलीको तर्क छ । 'संसदीय अंकगणितले राष्ट्रिय आवश्यकताको सधैं प्रतिनिधित्व गर्छ भन्न सकिँदैन' ओलीले भने, 'संसदीय अंकगणित यदि अनुपयुक्त ढंगले त्यहाँ खेल भइरहेको छ र अनुपयुक्त आकार लिइरहेको छ, त्यसले उपयुक्त आकार लिने सम्भावना कम छ भने त्यस्ता अवस्थामा संसदीय अंकगणितको अनुकूलताका लागि ताजा जनादेशमा जानुपर्छ । पोलिटिक्स त्यो हो ।'
संसदको अंकगणितलाई व्यवस्थापन गर्नुपर्ने धारणा राखेका प्रधानमन्त्री ओलीले भने, 'देश, जनता र विकासको आवश्यकता अनुसारको अंकगणित हामीले जनप्रतिनिधि संस्थाहरुमा निर्माण गर्नुपर्छ । खास गरी संसद, जो सरकार बनाउने थलो हो, संविधान संशोधन गर्न सक्ने थलो हो, कानून निर्माण गर्न, परिवर्तन गर्न सक्ने थलो हो । त्यो थलोलाई देशको आवश्यकता अनुसारको अंकगणितीय वनावटमा लानुपर्छ ।'
संसद विघटनको औचित्य पुष्टि गर्ने प्रयास गर्दै प्रधानमन्त्री ओलीले भने, 'जब राष्ट्रिय आकांक्षासँग अंकगणितले तादात्म्यता राखेन, हामीले तादात्म्यता राख्न कोसिस गऱ्यौं, भएन । तब जनादेशमा जानुपर्थ्यो ।'

**माओवादीले समर्थन फिर्ता लिनासाथ राजीनामा !**

संसदको अंकणितले साथ दिएन भने फेरि ताजा जनादेशमा जानुपर्ने बताएका प्रधानमन्त्री ओलीले माओवादीले समर्थन फिर्ता गरेपछि आफ्नो राजीनामा आइहाल्ने बताए । प्रधानमन्त्रीले माओवादीको नाम नलिइकन भने, 'ए बाबा हटाउ न त । समर्थन फिर्ता लिइलेऊ भन्छु, त्यो पनि लिँदैन अनि राजीनामा माग्छ । राजीनामा त आइहाल्छ नि समर्थन फिर्ता गर न ।'
आफ्नो राजीनामा दिनहुँ माग्ने काम भइरहेको बताउँदै ओलीले ठट्यौली पारामा भने, 'मागैपिच्छे म कसरी दिन सक्छु भनेको ! एउटाले माग्दैन, दुईटाले माग्दैन । एकदिन माग्दैन, दुईदिन माग्दैन । माग्या छ माग्या छ । दिनैपिच्छे एक-एकवटाले राजीनामा माग्छ !' साभार : रातोपाटी

## प्रदेश स्तरिय वैश्य सम्मेलन...............................

वैश्य जातीको वाहुल्यता भएतापनि प्रतिनिधित्वको सवालमा वैश्य जाती निकै पछाडी रहेको उल्लेख गरे ।
'हामी अरु जातजातीलाई नराम्रो भन्नु भन्दा पनि वैश्य जातीले समाजमा के गऱ्यो । समाजका लागि कस्तो काम गऱ्यो त्यो महत्वपूर्ण कुरा हो' मन्त्री साहले भने, 'यो उदाहरण प्रस्तुत गर्नुपर्छ । न की अरुलाई नराम्रो भन्ने ।' अरु जातीतर्फ संकेत गर्दै मन्त्री साहले अगाडी भने, 'उहाँहरुले त राम्रो गरिराख्नु भाछ आफ्नो समाजका लागि । उहाँहरुको एकता राम्रो छ । त्यो राम्रो हो उहाँहरुको लागि । तर हामीले के गऱ्यो । त्यो महत्वपूर्ण हो ।' उनले एकता शक्ति भएको बताए । जबसम्म हामी एक ढिक्का हुदैनौ तबसम्म हामी शक्ति निर्माण गर्न नसक्ने बताउँदै मन्त्री साहले भने, 'अहिले हामी पहिचान बनाउन सकेनौं भने प्रतिधित्वको कुरा गर्छौं त्यो सम्भव छैन ।'
पहिचान, पहुँच र प्रतिनिधित्व समाजलाई आवश्यक्ता रहेको उनले औल्याए । वैश्य कलस्टर स्थापना गराउनुपर्नेमा उनको जोड थियो । अरु कलस्टर जस्तै वैश्य कलस्टरको स्थापित भए शक्तिको पहिचान हुने मन्त्री साहले धारणा राखे । वैश्य समाजको भेला प्रदेशस्तिरय मात्रै नभई जिल्ला र गाउँ स्तरमा पनि हुनुपर्ने उनको भनाई थियो ।
मन्त्री साहले सम्मेलनले बन्ने नयाँ कार्यसमितिले समाजिक रुपान्तरण गर्नुपर्ने काममा अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।
प्रदेशस्तरिय सम्मेलनमा सबैला नगरपालिकाका नगरप्रमुख विजय शंकर प्रसाद साह, मिथिला उद्योग वाणिज्य संघ ढल्केवरका अध्यक्ष तेजनारायण साह, असहाय संरक्षण मंच जनकपुरका अध्यक्ष बैधनाथ साहलगायतका वैश्य समाजका व्यक्तित्वहरुको उपस्थिती रहेको थियो ।

## हुलाकी सडकमा............

हस्तान्तरण गरेपछि त्यसको विरोध हुन् थालेको छ । भारतीय कन्सलटेन्सीका इञ्जिनीयर नुर आलमले हतारमा सो अधुरो सडक हुलाकी राजमार्गका प्रतिनिधि रामनाथ चौधरीलाई हस्तान्तरण गरी संयुक्तरुपमा उद्घाटनसमेत गरिसकिएको छ । चमरी टोलदेखि ठोरीसम्मको सडक निर्माण गर्ने ठेक्का कालिका बानियाँ जेभी कम्पनीले पाएको हो । सो अधुरो सडक हस्तान्तरण भएको विरोधमा ठोरीका बासिन्दा आन्दोलनमा उत्रेर निकुञ्ज मातहतको कार्यालयमा तालाबन्दी गरेका छन् । जसअन्तर्गत चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत निर्मलबस्ती ठोरी मध्यवर्ती उपभोक्ता समितिको कार्यालय र वनशक्ति सामुदायिक वनको कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरिएको सङ्घर्ष समितिका संयोजक जगेन्द्र पौडेलले बताए ।
ठोरीदेखि चितवनको माडीसम्म १४ किलोमिटर हुलाकी सडकमा अहिले ग्राभेल गरिएको छ । सो खण्डमा दैनिकजसो ठूला तथा सवारी साधन ओहोरदोहोर गर्ने गरेका छन् । कालोपत्रे भएको हुलाकी सडकको छेउछाउको जग्गाको मूल्य अहिले आकासिएको छ । विगत आठ वर्षअघिसम्म मानिसलाई वीरगञ्जबाट ठोरी जान करिब चार घण्टा जति लाग्ने गर्थ्यो भने अहिले हुलाकी सडक बनेपछि एक घण्टामै ठोरी पुग्ने गरेको स्थानीय विजय पण्डितको भनाइ छ । ठोरीदेखि चितवनको माडीसम्म ग्राभेल सडकमा यातायातका सवारी साधन चल्न थालेपछि मानिसलाई ठोरी माडीसम्म आवतजावत गर्न सजिलो भएको छ । रासस

## संघिय..........

पर्छ,' उनले भने, 'देशको काठ कुहाउने, बाहिरबाट काठ ल्याउने अनि समृद्धिको कुरा गर्ने ?'
डिभिजन वन कार्यालय महोत्तरीका डिभिजन प्रमुख विनोद सिंहले देशभरीमा २० हजार वन पैदवार उद्योगी-व्यवासयी रहेको बताए । 'कृषि वनलाई प्रवर्द्धन गर्नु पर्छ । राष्ट्रिय वनमा व्यवसायीले वन पैदावार संकलन गर्नु तिर मात्रै लाग्नु हुदैंन,' उनले भने ।
वन निर्देशनालय प्रदेश २ का वन निर्देशक जगरनाथ जैसवालले वन नवीकरणीय श्रोत रहेको उनले बताए । वन ऐन २०७५ वनाएर प्रदेश सरकार वन संरक्षण गर्न अघि बढेको बताए ।
वन कार्यालयले काठ बिक्री वितरण गर्न नसक्दा उपभोक्ताले काठ पाउन नकसेको सामुदायिक वन उपभोक्ता महासंघ महोत्तरीका अध्यक्ष कुमार घिमिरेले उल्लेख गरे ।
नेपाली कांग्रेसका नेता चिरञ्जिवी हमालले वन जोगाउन सबैमा अपिल गरे । 'वन रहे हरियाली रहन्छ । त्यसैले रुख काट्ने मात्रै होइन्, वृक्षा रोपन पनि गर्न हामी ध्यान दिनु पर्छ,' उनले भने, 'गोठालोले नयाँ घाँसको खोजीमा जंगलमा डढेलो लगायो । हामीलाई गाउँमा बस्नै कठिन भएको छ ।' वनमा डढेलो नलगाउन सचेतनामुलक कार्यक्रमको आवश्यकता रहेको उनले औंल्याए ।
वन विनासले वन्यजन्तुहरु गाउँ पसेको नेपाल पत्रकार महासंघ महोत्तरीका प्रेस स्वतन्त्रता सेनानी रवीन्द्र उप्रेतीले बताए । 'डढेलोले दुर्लभ जडीबुटी वनबाट हराइरहेको छ,' उनले भने ।
वातारण मैत्री काठ व्यवसायको आवश्यकता रहेको नेपाल रेन्जर संघ महोत्तरीका अध्यक्ष राजीशरण यादवले उल्लेख गरे । एउटा रुख काट्दा २५ वटा विरुवा रोप्न उनले जोड् दिए । 'रुख मात्रै काटे मानव जीवनमा ठूलो असर पर्छ,' उनले भने ।

## आवश्यक टेलिफोन नम्बरहरु

### महोत्तरी-०४४

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय, जलेश्वर | ५२०१९९ |
| इलाका प्रहरी कार्यलय, बर्दिवास | ५५०००६ |
| इलाका प्रहरी कार्यलय, गौशाला | ५५६१०० |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय, बर्दिवास | ५५००५५ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य कार्यालय, गौशाला एम्बुलेन्स | ९८४४२९५९७० |
| बर्दिवास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| एकीकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| विधुत फ्युज शाखा (जलेश्वर) | ५२००६६, ५२०१६६ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ |
| जलेश्वर अस्पताल | ५२००७० |

### धनुषा-०४१

| | |
|---|---|
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| जउनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अंचल अस्पताल | ५२००३३ |
| जानकी हेल्थ केयर एण्ड टिचिङ्ग अस्पताल | ५२३३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| एयरपोर्ट | ५२००४४ |
| हिमालय युवा क्लव, एम्बुलेन्स | ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यलय, ढल्केवर | ५६०१०० |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाईन्स, शिवचोक | ५९०७६९ |

# ब्राजिलमा एकैदिनमा ७० हजार संक्रमित, तीन हजारको मृत्यु

ब्राजिलिया, चैत्र २१ गते ।
ब्राजिलमा एकैदिनमा संक्रमितहरुको संख्या बढ्ने क्रममा ७० हजार नाघेको छ । सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा ब्राजिलमा कोरोनाभाइरसबाट ७० हजार २३८ जना संक्रमित भएका हुन् । त्यसैगरी सोही अवधिमा ब्राजिलमा कोरोनाभाइरसका कारण दुई हजार ९२२ जनाको मृत्यु भएको अधिकारीहरुले जनाएका छन् ।

ब्राजिलमा अहिलेसम्म कोरोनाभाइरसबाट एक करोड २९ लाख १० हजार ८२ जना सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । त्यसैगरी कोरोनाभाइरसबाट सङ्क्रमित भएर मृत्यु भएकाहरुको संख्या तीन लाख २८ हजार २०६ पुगेको पनि मन्त्रालयले उल्लेख गरेको छ ।

दक्षिण अमेरिकी मुलुक ब्राजिल कोरोनाभाइरसबाट धेरै प्रभावित मुलुकहरुको सूचीमा दोस्रो अग्रस्थानमा रहेको छ। सबैभन्दा धेरै प्रभावित अमेरिका रहेको छ भने ब्राजिलपछि तेस्रोमा धेरै प्रभावित मुलुकको सूचीमा भारत रहेको छ। सबैभन्दा धेरै प्रभावित भएको अमेरिकामा अहिलेसम्म तीन करोड १३ लाख १५ हजारभन्दा बढी संक्रमित भएका छन् भने पाँच लाख ६७ हजार ६०० भन्दा बढीको मृत्यु भएको छ। रासस/एएनआई/सिन्ह्वा

# ताइवान रेल दुर्घटनाबाट देशभर शोक, दशकयताकै भयानक दुर्घटना

हुवालिएन, ताइवान, चैत्र २१ गते ।
ताइवानको इतिहासमै शुक्रबारको सर्वाधिक भयानक रेल दुर्घटनाबाट कम्तीमा ५० जनाको मृत्यु भएपछि देशभर शनिबार शोक मनाइएको छ। मृतकहरुको सम्झनामा देशभर शनिबार राष्ट्रिय झण्डा आधा झुकाइएको छ ।

खोज तथा उद्धार टोलीहरू रेलका क्षतिग्रस्त डब्बाहरू बाहिर निकाल्न जुटेका छन्। अधिकारीहरुले शुक्रबारको रेल दुर्घटना एउटा मर्मतका लागि प्रयोग गरिएको ट्रक चिप्लिएर रेलको लिकमा खसेपछि भएको बताएका छन् ।

छुट्टी मनाउन हिँडेका व्यक्तिले खचाखच भरिएको त्यस रेलमा ५०० भन्दा बढी मानिस सवार थिए । तिब्र गतिमा दौडिरहेको रेल एउटा साँघुरो सुरुङ (टनेल) भित्र प्रवेश गर्नैलाग्दा ट्रकमा ठोक्किएर आफ्नो लिकबाट उछिट्टिएको थियो ।

पार्किङ ब्रेक राम्रोसँग नलगाएको आरोपमा पक्राउ परेका ट्रक ड्राइभरलाई प्रहरीले सोधपुछ गरी जमानतमा छाडेको छ ।

उद्धारकर्ताहरुले सुरुङ भित्रको अवस्था दयनीय रहेको र रेलको अग्रभागका साथै डब्बाहरु कच्याककुचुक भएको पाएका थिए । तीमध्ये अगाडिको आठ नम्बरको डब्बामा सबैभन्दा बढी क्षति पुगेको थियो र यही डब्बामा सबैभन्दा बढी व्यक्तिको ज्यान गएको थियो, उद्धारकर्मी चाङ जि-चेनले बताए ।

ताइवानको गृह मन्त्रालयले देशभर तीन दिनसम्म राष्ट्रिय झण्डा आधा झुकाउन आदेश दिएको थियो भने राष्ट्रपति चाई इङ्ग-वेनले हुलियानको अस्पतालमा पुगेर घाइतेहरुलाई भेटेका थिए ।

उक्त दुर्घटनामा परेका १७५ जनाभन्दा बढी व्यक्तिलाई अस्पतालमा भर्ना गरिएको थियो। मृतकहरुमा एक जना फ्रान्सेली नागरिक पनि रहेका थिए ।

दुर्घटनामा परेकाहरुले आफूले भोगेका निकै डरलाग्दा कथाहरु सुनाएका छन् । एप्पल दैनिकसँग कुरा गर्दै एक पीडितले आफूले मानिसका शरीर र अङ्गहरु छरपस्ट देखेको बताएका छन्।

ताइवानमा सन् २०१८ मा पनि ठूलै रेल दुर्घटना भएको थियो जसमा १८ जनाको मृत्यु भएको थियो। सन् १९९१ मा दुईवटा रेल एकआपसमा ठोक्किएर भएको अर्को दुर्घटनामा ३० जना यात्रुको ज्यान जानुका साथै ११२ जना गम्भीर घाइते भएका थिए । रासस/एएफपी

# बंलादेशमा एकहप्ते लकडाउनको घोषणा

ढाका, चैत २१ गते ।
कोरोनाभाइरसको महामारी नियन्त्रण गर्न भन्दै बंगलादेशमा एक हप्ते लकडाउन घोषणा गरिएको छ । स्थानीय समयअनुसार यही अप्रिल ५ देखि लागू हुनेगरी सरकारले लकडाउनको घोषणा गरेको अधिकारीहरुले जनाएका छन् ।



बङ्गलादेशका सडक, यातायात तथा पुल मन्त्री अब्दुल क्वाडरले शनिबार अनलाइन पत्रकार सम्मेलन मार्फत लकडाउन घोषणा गरिएको जानकारी दिएका हुन्। लकडाउनका लागि नयाँ निर्देशिका सरकारले चाडै नै घोषणा गर्ने सार्वजनिक प्रशासन मन्त्री फहाद हुसेनले बताए । अत्यावश्यकलगायतका कतिपय सेवा भने लकडाउनका बेलामा पनि सुचारु हुन सक्ने अधिकारीहरुले बताएका छन् ।

बङ्गलादेशमा अहिलेसम्म छ लाख ३० हजार २७७ जना कोरोनाभाइरसबाट संक्रमित भएका छन्। तीमध्ये पाँच हजार ६८३ जना पछिल्लो एकैदिनमा संक्रमित भएका हुन् । पछिल्लो २४ घण्टामा बङ्गलादेशमा कोरोनाकै कारण मात्रै ५८ जनाको मृत्यु भएको छ ।

योसँगै बङ्गलादेशमा कोरोनाकै कारण मृत्यु भएकाहरुको कूल संख्या नौ हजार २१३ पुगेको अधिकारीहरुले जनाएका छन् । स्वास्थ्य सेवा महानिर्देशनालयले पछिल्लो एक दिनमा २४ हजार ५४८ जनाको कोरोना परीक्षण गरेको जनाएको छ । रासस/सिन्ह्वा

# विवादले भरिएको जया प्रदाको नीजि जीवन

चैत्र २१ गते ।
बलिउडका दिग्गज अभिनेत्री जया प्रदा शनिबार आफ्नो ६६ औं जन्मदिन मनाएकी छिन् । आन्ध्र प्रदेशको राजामुन्द्रीमा जन्मिएकी जयाले हिन्दी सिनेमालाई थुप्रै हिट फिल्म दिएकी छिन् । उनका पिता कृष्णा राव एक फिल्म फाइनेन्सर थिए र उनकी आमा गृहिणी थिइन् । जया आफ्नो स्कूलको वार्षीक कार्यक्रममा प्रस्तुती दिन्थिन् । त्यति नै बेला उनलाई एक निर्देशकले देखे र उनलाई आफ्नो फिल्ममा कास्ट गर्ने निर्णय गरे ।



त्यतिबेला जया १२ वर्षकी थिइन् र उनलाई एक फिल्ममा परफर्म गर्ने मौका पाएकी थिइन्। फिल्मको नाम थियो 'भूमि कोसम' र यो फिल्मको तीन मिनेटको गीतमा जयाले प्रस्तुती दिनु थियो । जया फिल्ममा काम गर्नका लागि संकोच महसुस गरिरहेकी थिइन् । तर उनको परिवारले उनलाई प्रोत्साहित गर्यो त्यसपछि उनले यो क्षेत्रमा कदम बढाइन् । उनले पहिलो फिल्मका लागि १० भारु मात्रै पारिश्रमिक पाएकी थिइन् ।

जया व्यावसायिक जीवनबाहेक नीजि जीवनका लागि पनि बढी चर्चामा रहेकी छिन् । २२ फेब्रुअरी सन् १९८९ मा जयाले श्रीकान्तसँग विवाह गरेपछि पनि आफ्नी जेठी श्रीमतीसँग सम्बन्धविच्छेद गरेका थिएनन्। यसैकारण यो विवाह निकै चर्चित रह्यो । श्रीकान्तको जेठी श्रीमतीबाट तीन सन्तान थिए ।

**के हो जया प्रदाको वास्तविक नाम ?**
स्मरण रहोस्, जया प्रदा र श्रीकान्तका कुनै सन्तान छैनन् । जयाले पछि आफ्नी बहिनीकी बच्चालाई पालेकी थिइन् । जया प्रदाको वास्तविक नाम उनका धेरैजसो प्रशंसकलाई थाहा छैन । स्मरण रहोस्, उनको वास्तविक नाम ललिता रानी थियो । एजेन्सी

# ओलीसँग नजिकिने जसपा.........................

एकजना रेशम चौधरीलाई छाड्दैमा मधेसले के पाउँछ भन्ने प्रश्न गर्दै उनले भने, 'के रेशम चौधरीलाई छाडेर ओलीलाई मनपरी गर्न छुट दिने हो त ? जसपालाई रेशम चौधरीमात्रै चाहिएको हो कि संघीय लोकतन्त्र चाहिएको हो ? फैसला गर्ने समय आएको छ ।'

ओलीलाई शक्तिशाली बनाउन जसपाले भूमिका खेल्न नहुने बताउँदै साहले भने, 'ओलीलाई यस्तो शक्तिशाली बनाउने काममा विगतमा मधेसवादी दलको पनि हात छ । अब त्यो गल्ती दोहोर्‍याउनु हुँदैन ।'

लाहान नगरपालिका वडा नं.७ मा जसपाबाट वडाअध्यक्ष बनेका राकेश रोशन गुप्ता भन्छन्, 'ओलीसँग गठबन्धन बनाएर सरकार बनाए पनि मधेसको माग पूरा हुन्छ भन्नेमा मधेसले विश्वास गरेको छैन। मधेस आन्दोलन हुँदा मधेसी जनता पीडामा थिए । कैयौंले सहादत प्राप्त गरे । तर, ओलीले त्यसलाई मजाक बनाउनुभयो । एक/दुईवटा आँप झर्दैमा केही हुँदैन भन्नुभयो, जुन मधेसी जनताको ठूलो अपमान हो ।' हुन त यसअघि पनि तत्कालीन समाजवादी पार्टी र राजपाले ओलीलाई सरकार बनाउन सहयोग गरेका थिए । राजपाले बाहिरबाट समर्थन गरेको थियो भने उपेन्द्र यादवले सरकारमै गएर ओलीलाई दुई तिहाई पुर्‍याइदिएका थिए। तर, मधेसवादी दलले समर्थन गरे पनि ओलीले संविधान संशोधन गरेनन् र दुवै दलले सरकारलाई दिएको समर्थन फिर्ता लिए ।

गुप्ता भन्छन्, 'असंवैधानिक तरिकाले संसद विघटन गरेका कारण पनि मधेसी जनता ओलीप्रति सकारात्मक छैनन्, उनी टेस्टेड भइसकेका छन्, अब फेरि उनैलाई समर्थन दिनु भनेको मधेससँग बेइमानी गर्नु हो ।' साभार : रातोपाटी


## आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

*(प्रकाशित मिति: २०७७/१२/२२)*

यस विद्यालयबाट प्रकाशित Construction of Canteen & Classroom Block. (IFB No: JHSS/NCB/WORKS/077/078-01) कार्यका लागि रीतपूर्वक पेश हुन आएका बोलपत्र मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको प्राविधिक प्रस्ताव स्वीकृत भएकोले प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०७७/१२/२७ गते १४:१५ मा यसै विद्यालयमा खोलिने जानकारी गराईन्छ ।

**प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताहरु :**

1. Royal Construction
2. Siddhagadhi Engineers and Builders Pvt. Ltd.
3. Hom-Kaya Joint Venture
4. Mission Construction & Suppliers Pvt. Ltd.
5. Purna Chandra/Jay Nirmal J.V.
6. B&B - Aryan J/V
7. Hem Construction Pvt. Ltd.

श्री जनता माध्यमिक विद्यालय
बर्दिवास-२, महोत्तरी





## खर्गा दाँत उपचार केन्द्र
अव काठमाडौँ जानु नपर्ने

**डा.गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
*BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)*

➢ **हामी कहाँ नै किन ?** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।

डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।

यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।

**खर्गा दाँत उपचार केन्द्र**

सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६



## Ghyanglekh Rural Municipality
## Office of the Rural Municipal Executive
Hayutar, Sindhuli

**Invitation for Bids**

**Contract Identification No: GHRM/Sindhuli/Works/NCB/06/077/078**
*First Date of Publication: 2077/12/22*

1. The **Ghyanglekh Rural Municipality** invites sealed electronic bids for the construction work shown in table below under National Competitive Bidding procedures.
2. Bidders interested to bid have to download the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp and submit electronically. The bidders submitting their bid electronically should deposit the cost of biding document NRs. 3,000/- (non-refundable) fee in Sanchit Kosh Account No. 43395241207004 of SBI Bank Hayutar -2 Ghyanglekh ,Sindhuli and submit bank deposit voucher along with the electronic bid files.
3. Bids must be submitted electronically only through www.bolpatra.gov.np, on or before 12:00 noon on 2078/1/22. Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend who choose to attend at 14.00 PM on 2078/1/22 at the office of Ghyanglekh Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of shown in table below (inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
5. If bidder wishes to submit the Bid security fee in the form of cash, bidder has to deposit cash in Dharauti Account No. 43325240600016 of SBI Bank Hayutar -2 Ghyanglekh Sindhuli and submit bank deposit voucher along with the electronic bid files.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. The name and identification of the contract are as follows:

| Contract Identification No. | Brief Description of Works | Estimate Amount Including VAT (Nrs) | Bid security Amount (Nrs) | Time for Completion |
|---|---|---|---|---|
| GHRM/Sindhuli/Works/NCB/05/076/077 | Construction of ward no. 3 office building | 6566940.42 | 170000.00 | 30th Ashoj 2078 |

Chief Administrative Officer

# ओलीसँग नजिकिने जसपा नेताप्रति मधेसमा आक्रोश





सिराहा, चैत्र २१ गते ।
काठमाण्डौँमा भइरहेको सत्ता समीकरणको बहसलाई मधेसका जनताले नजिकबाट नियालिरहेका छन् । केन्द्रीय सत्ता समीकरणलाई मधेसी जनताले विशेषरुपले नियाल्नुको कारण हो- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग जनता समाजवादी पार्टी (जसपा) का केही नेताहरुको बढ्दो निकटता ।

सत्ता समीकरणको बहसमा जसपा केन्द्रविन्दुमा रहेका कारणले पनि मधेसमा यो चर्चाको विषय बनेको छ । चिया पसलदेखि खेत खलिहानसम्म सत्ता समीकरणबारे चर्चा चलिरहेको छ ।

तर, विगतमा मधेसविरोधी छवि बनाएका केपी ओलीप्रति मधेसका आम जनता अझै सकारात्मक हुन सकिरहेका छैनन् । खासगरी जसपाले ओली सरकारलाई टिकाउन गरिरहेको प्रयासप्रति मधेसको नागरिक समुदाय सन्तुष्ट देखिँदैन ।

०६२/६३ को आन्दोलनमा सात दलीय मोर्चाबाट आन्दोलनको अगुवाइ गरेका भरत विमल भन्छन्, 'मधेसी जनताले जसपाको क्रियाकलापलाई नजिकबाट नियालिरहेका छन् । यसको सबै हिसाब-किताब राखिरहेका छन् ।'

ओलीजस्तो व्यक्ति, जसले असंवैधानिक कदम चालेर संसद विघटन गरे, त्यसको विरोधमा जसपाले सबभन्दा पहिले आन्दोलनको घोषणा गरेको थियो । उसले देशैभरि आन्दोलन गरेको थियो । तर, आज उनै ओलीलाई प्रधानमन्त्रीमा राखिराख्न जसपाका केही नेताहरुले अगुवाई गर्न लागेको सुन्दा मधेसी जनताले अपमानित महसुस गरेको उनले बताए ।

मधेसलाई पटक-पटक अपमान गर्ने ओलीकै शरणमा जानु भनेको मधेसी दलका नेतामा लाज शरम नरहेको कुरा पुष्टि भएको बताउँदै उनले मधेसका जनताले ओलीको साथमा सरकारमा जाने कुरालाई नरुचाउने दाबी गरे ।

लामो समय नेपाल सद्भावना पार्टीमा रहेर राजनीति गरेका खुशीलाल मण्डल अहिले राजनीतिबाट अलग छन् । पार्टीमा आवद्ध नभए पनि राजनीतिक-समाजिक गतिविधिमा सक्रिय सप्तरीका मण्डल भन्छन्, ओलीले मधेसको माग पूरा गर्दिन्छन् भने महन्थ ठाकुर र राजेन्द्र महतोका लागि मृगतृष्णा हो ।'

मण्डलले भने, 'ओलीले दुईतिहाइ बहुमत हुँदा पनि मधेसका माग पूरा गर्न सकेनन्, अहिले अल्पमतमा परेका बेला माग कसरी पूरा गर्न सक्छन् ? यति कुरा पनि जसपाका नेताहरुले किन न बुझेका होलान् ? ओलीलाई प्रतिगमनकारी भनेर आन्दोलन गरेको धेरै समय भएको छैन । आज उनैलाई प्रधानमन्त्री बनाउन आफ्नो पार्टीसमेत विभाजन गर्न तयार हुनुले जसपाका नेताहरुको नियत ठीक देखिएन ।'

त्यसैगरी सिराहाका वरिष्ठ पत्रकार चन्द्रदेव कामती भन्छन्, 'जसपाको एउटा पक्षले ओलीलाई साथ दिने भनिरहेको छ, मधेसका लागि यो जतिको अहित अरु केही पनि हुँदैन । ओली प्रतिगमनकारी हुन् भन्ने नारा लगाउने जसपा पनि हो, अहिले प्रतिगमनलाई साथ दिनु भनेको आफू पनि प्रतिगमनकारी नै हुनु हो ।'

शिक्षक एवं समाजिक अभियन्ता रामसुफल सदायले पनि ओली एउटा प्रतिगमनका प्रतिमूर्ति भएको बताउँदै उनलाई सम्झँदा मधेस आन्दोलनको झझल्को आउने गरेको बताए । उनले भने, 'ओलीले मधेसलाई हेप्ने बाहेक अरु केही काम गरेका छैनन् ।'

अर्का शिक्षक पर्शुराम साह भन्छन्, 'मधेसवादी दलका लागि सत्ता नै ठूलो कुरा हो भन्ने यसबाट पुष्टि हुन्छ । कोसँग सत्ता सहकार्य गर्ने, कोसँग नगर्ने कुराको सेन्स छैन भने राजनीति नगर्दा हुन्छ ।'

- बाँकी पृष्ठ ३ मा

# हुलाकी सडकमा कालोपत्रे हुन सकेन

वीरगञ्ज, चैत्र २१ गते ।
सरकारको प्राथमिकतामा परेको वीरगञ्ज ठोरी हुलाकी सडकको मध्ये भागमा अवस्थित रुखका कारण तीन किलोमिटर हुलाकी सडकमा कालोपत्रे हुन नसकेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगञ्जले जनाएको छ । तीस/तीस किलोमिटर गरी दुई प्याकेजमा निर्माण भएको सो हुलाकी सडकखण्डअन्तर्गत दोस्रो प्याकेजको चमरी टोलदेखि ठोरी गाउँपालिका वडा नं. १ र २ अन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको बफरजोन एरिया पर्ने भएकाले र त्यहाँ सडकको बीच भागमा २३ वटा सालको पुरानो रुख काट्न निकुञ्जले अनुमति नदिएकाले सो ठाउँको सडकखण्डमा पिच हुन नसकेको सूचना अधिकारी सञ्जयकुमार ठाकुरले बताए ।

वीरगञ्जदेखि ठोरीसम्म दुई प्याकेजमा निर्माण भएको सो हुलाकी सडक दुई अर्ब ११ करोड भारतीय सरकारको अनुदानमा निर्माण भएको हो । सो सडकअन्तर्गत पहिलो प्याकेजमा वीरगञ्जदेखि चमरी टोलसम्म ३० किलोमिटर र दोस्रो प्याकेजमा चमरी टोलदेखि ठोरीसम्म ३० किलोमिटर गरी जम्मा ६० किलोमिटर लम्बाइ रहेको छ । विवादको कारण अहिले सो सडकमा ठोरी चमरी टोलदेखि ठोरी गाउँपालिका वडा नं. १ सम्म जम्मा २७ किलोमिटर भागमा कालोपत्रे गरिएको छ भने तीन किलोमिटर सडकखण्डको मध्य भागमा २३ वटा सालको पुरानो रुख रहेको र सो रुख काट्न निकुञ्जले अनुमति नदिएकाले सो सडकखण्डमा पिच हुन नसकेको सो कार्यालयका प्रतिनिधि रामनाथ चौधरीले बताए ।

'ठोरी गाउँपालिका वडा नं. १ र २ मा रहेको रुख काट्न निकुञ्जले अनुमति नदिएकाले सो ठाउँको सडकमा पिच हुन नसकेको हो', ठोरी गाउँपालिकाका अध्यक्ष पिएल श्रेष्ठले भने ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत मणिनाथ बरालसँग सम्पर्क गर्दा उनले बीच सडकमा परेको रुख काट्ने निर्णय निकुञ्जले गर्न नसक्ने बताए । त्यसको लागि मन्त्रिपरिषद्को निर्णय आवश्यक रहेको उनले बताए । बीच सडकमा रहेको रुख हटाउन नसकिदा त्यस क्षेत्रमा सवारी आवागमनमा कठिनाइ भई दुर्घटनासमेत निम्त्याउने ठोरीवासीको भनाइ छ ।

तीन किलोमिटर सडकमा कालोपत्रे नगरिकनै सो सडक भारतीय कन्सलटेन्सीले हुलाकी राजमार्गलाई

- बाँकी पृष्ठ २ मा

# प्रदेश स्तरिय वैश्य सम्मेलन सम्पन्न

द पब्लिक टुडे समाचारदाता
ढल्केवर, चैत्र २१ गते ।
धनुषाको ढल्केवरमा नेपाल वैश्य युवा संघद्वारा आयोजित प्रदेश २ स्तरिय वैश्य सम्मेलन सम्पन्न भएको हो । शनिवार ढल्केवरस्थित राधाकृष्ण मन्दिरको प्राङ्गणमा नेपाल वैश्य युवा संघको केन्द्रिय अध्यक्ष दिलिपचन साहको अध्यक्षता तथा प्रदेश नं २ का भूमी व्यवस्था तथा कृषि सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहको प्रमुख आतिथ्यमा सम्मेलनको आयोजना गरिएको थियो ।




प्रमुख अतिथीको रुपमा सम्मेलनालाई सम्बोधन गर्दै मन्त्री साहले वैश्य समाज एकताबद्ध हुनुपर्नेमा जोड दिएका थिए । उनले प्रदेश २ मा

- बाँकी पृष्ठ २ मा

# ऐन कानुन.............

योजना छ,' उनले भने, 'सिमरा-जीतपुर करिडोर लगायतको घोषणा त पहिल्यै गरेका छौं, बजेटको अभावले गर्दा काम हुन सकेको छैन । उद्योगको दर्ता र नवीकरण प्रदेशमै हुन्छ ।

प्रतिनिधि सभा सदस्य प्रदीप यादवले औद्योगिक प्रदुषण नियन्त्रण गर्न संघको नयाँ नेतृत्वले काम गनुपर्ने सुझाए ।

नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले भिजन-२०३० लाई सफल बनाउन सबै पक्षको सहयोग आवश्यक रहेको बताए । निजी क्षेत्रको मुद्दालाई तिनै तहले प्राथमिकतामा राखेर काम गरे मुलुकको विकास र समृद्धिका लागि समय नलाग्ने उनको भनाइ छ ।

उद्योगी अरुणराज सुमार्गीले वीरगञ्जलाई आर्थिक नगरीको रुपमा घोषणा गर्नुपर्ने बताए ।

# सरकारको नेतृत्व लिन कांग्रेस तयार : शशांक

उदयपुर, चैत्र २१ गते ।
नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले मुलुकको विद्यमान राजनीतिक समस्या समाधान गर्न र आवश्यक परे सरकारको नेतृत्व लिन पनि नेपाली कांग्रेस तयार रहेको बताएका छन् ।

गाईघाटस्थित लोकतान्त्रिकचोकमा शनिवार आयोजित नेपाल राष्ट्रिय मगर संघ प्रदेश नं. १ को भेलामा उनले भने, 'नेकपा एमाले र माओवादी केन्द्र फुटेर झगडामा लागेपछि अहिले देशमा राजनीतिक संकटसँगै सरकार पनि संकटमा परेको छ ।'

महामन्त्री कोइरालाले अहिले देशको तत्कालीन अवस्थाको राजनीतिक समस्या समाधान गर्न र देशलाई संकटबाट बचाउनका लागि आवश्यक परे नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्न तयार रहेको उल्लेख गर्दै कांग्रेसले मात्र देशलाई सही निकास दिन सक्ने दाबी गरे । 'पाँच वर्षका लागि कम्युनिस्टलाई जनताले मतदान गरेर बहुमत दिई सत्तामा पुऱ्याएका कारण कांग्रेसले प्रतिपक्षको मात्र धर्म निर्वाह गर्दै आएको छ । तर, अहिले देशको अवस्था झनै जटिल बन्दै गएकाले कांग्रेस सरकारको नेतृत्व लिन तयार रहेको छ,' उनले भने ।

महामन्त्री कोइरालाले कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा अबको सरकार बन्न सक्ने र देशलाई निकास दिएर आवश्यक परे ताजा जनादेशमा गई राजनीतिक निकास दिने बताए । मुलुकको प्रजातान्त्रिक आन्दोलनमा मगर जातिको ठूलो योगदान रहेको भन्दै उनले पछाडि परेका मगर जातिको उत्थानका लागि उनीहरुलाई राज्यको मूल प्रवाहमा ल्याउनुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा उदयपुर क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य डा. नारायण खड्काले अहिले देशमा राजनीतिक संकट कम्युनिस्ट नेतृत्वको सरकारले ल्याएकाले अब कम्युनिस्टबाट देशको समस्या समाधान नहुने बताए ।

कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले भने, 'जब-जब देशमा राजनीतिक संकट आएको छ, त्यसको समाधान कांग्रेसले नै गरेको छ । त्यसैले अब कांग्रेसले सरकारको नेतृत्व लिने बेला आएको छ ।'

नेपाली कांग्रेसका नेता रामहरि खतिवडा, लक्ष्मी परियार, प्रमिला राईलेलगायतले मुलुकको विद्यमान राजनीतिक अवस्थाको विविध पक्षमाथि बोलेका थिए । रासस

अब हाम्रै बर्दिवास बजारमा
१००% रोजगारसहित CTVET बाट मान्यता प्राप्त
होटल तालिममा भर्ना खुल्यो
अब होटल तालिम गर्न काठमाण्डौं जान नपर्ने १०० प्रतिशत रोजगार सहित एसियन होटल ट्रेनिङको ५० प्रतिशत सहयोगमा बर्दिवासमा रहेको होटल सिसमहलमा होटल तालिम भर्ना खुल्यो ।
तालिमहरु : कुक इन्डियन, चाइनिज, कन्टीनिन्टल, इटालियन
हाम्रा विशेषताहरू :
● काठमाण्डौं 5 Star होटलका सेफहरुद्वारा तालिम दिइने । ● तालिममा चाहिने सम्पूर्ण सामग्री काठमाण्डौंबाट ल्याइने । ● तालिम पछि आफ्नै कम्पनीबाट विदेश पठाउने । ● तालिम पछि काठमाण्डौं वा पोखराका विभिन्न तारे होटलमा रोजगारीमा पठाइने । ● तालिम पछि यरोपको टर्कीमा पठाइने । ● तालिमपछि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रमाणपत्र दिइने । ● तालिममा युनिफर्म कम्पनीबाटै दिइने ।
सम्पर्क : होटल सिसमहल
सिन्धुलीरोड, बर्दिवास
०४४-५५०४८३, ९८१२३५१२७१, ९८१२३५१२७२, ९८०१९१८२१३

बेटर नेपाल हस्पिटल प्रा.लि.
औरहीरोड, बर्दिवास, महोत्तरी
डा.श्याम कुमार साह
MS (ENT)
नाक, कान तथा घाँटी रोग विशेष
नोट : चौविसै घण्टा सेवा उपलब्ध छ ।
डा.मुकेश चौधरी
MBBS,MS (Ortho)
NMC No.9843
हाड, जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क स्थान :
बेटर नेपाल हस्पिटल प्रा.लि.
औरहीरोड, बर्दिवास
सम्पर्क : ९८१५८६५०५९

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!
अब बिरामी काठमाण्डौं किन ?
डा.प्रविण मिश्र
इमरजेन्सी-ट्रमा तथा सोनोग्राफर विशेषज्ञ
डा.अरविन्द कु. यादव
फिजिसियन तथा मुटु रोगसम्बन्धी विशेषज्ञ
डा. शुधान्सु झा
हाड जोर्नी तथा नशा रोग विशेषज्ञ
डा. विकाशराज थापा
रेडियोलोजिस्ट विशेषज्ञ
सम्पर्क स्थान डिएनबी मेडिकेयर सेन्टर प्रा.लि.
औरहीरोड, बर्दिवास न.पा.-१४, महोत्तरी
मो.नं. : ९८४४४४२४४८, ९८४४५११११२,
२४ सैं घण्टा एम्बुलेन्स सेवा : ९८२७६२७६००

खुल्यो ! खुल्यो !! खुल्यो !!!
ढल्केवर चश्मा घर





यहाँ, चेन्जर चश्माको साथै विभिन्न किसिमको पावर चश्मा, गग्लस सुपथ मुल्यमा पाईन्छ । साथै आँखा पनि जाँच गरिन्छ ।
सम्पर्क : ढल्केवर चश्मा घर
कृषि बजारको दक्षिणपट्टि विजय मेमोरियल हस्पिटलसँगै, ढल्केवर, धुनषा
सम्पर्क नं. : ९८०७८८३२०२, ९८१७६१९२४५

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१४, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री